# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, चैत्र २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ३५

## भाग ३

प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपाल सरकार, गृह मन्त्रालयबाट मिति २०७७।१२।०९ को नेपाल राजपत्रमा प्रकाशित विक्रम संवत् २०७८ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म एक वर्ष भरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि जारी सार्वजनिक, पर्व एवं सट्टा विदाको अतिरिक्त देहाय बमोजिमका सार्वजनिक एवं पर्व विदाहरु थप गरी यो सूचना प्रकाशन गरिएको छ।

**(क) प्रदेश भरि सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायमा विदा हुने:**

(१) इस्लाम धर्मावलम्बीहरुको पर्व, ईद (इदुल्ल फित्र) का दिन ।

(२) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि-ज्यापु दिवस (धान्य पूर्णिमा)-पौष ४ गते आईतबार ।

(३) दशै बिदामा द्वादशीको दिन आश्विन ३१ गते आइतबार।

(४) फाल्गुनन्द जयन्ती-कार्तिक २५ गते बिहीबार ।

**(ख) प्रदेश नं.१ का देहायका जिल्लाका सरकारी कार्यालय तथा सार्वजनिक निकायमा मात्र विदा हुने:**

(१) सिरुवा पावनी पर्वका दिन बैशाख २ गते बिहिबार झापा, मोरङ्ग, सुनसरी र उदयपुर जिल्लामा विदा ।

(२) श्री राधाकृष्ण रथयात्राको दिन भाद्र १५ गते मंगलबार झापा, मोरङ्ग र सुनसरी जिल्लामा विदा ।

**आज्ञाले,**

**राजेन्द्र कुमार पौडेल**

**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**